नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-शा.सु. ०१८/०१९/०८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १५१८

मितिः २०७८/११/२५

विषयः होटल तथा मनोरञ्जनात्मक व्यवसाय सञ्चालन सम्बन्धमा ।

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा होटल लगायतका मनोरञ्जनात्मक व्यवसायहरु सञ्चालन सम्बन्धमा देहायबमोजिमका मापदण्डहरु अपनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

देहाय

१. व्यवसायको प्रकृति अनुसार पालना गर्नुपर्ने आचारसंहिता र सञ्चालन समयको निर्धारणः

१.१ मनोरञ्जनप्रधान पर्यटनमूलक व्यवसायलाई समय सान्दर्भिक रुपमा व्यवस्थित बनाउन र मर्यादित व्यवसायको रुपमा विकास गर्न व्यवसायीहरुको अहम भूमिका रहन्छ। माथि उल्लिखित मनोरञ्जनात्मक व्यवसायमा संलग्न सम्पुर्ण व्यवसायीहरु र पेशाकर्मीहरुले आफ्नो व्यवसाय संचालन र सेवा दिदा देहायका आचारसंहिता पालना गर्नुपर्ने छ ।

१.१.१ प्रत्येक व्यवसायीले सार्वजनिक सदाचार र नैतिकताको आधारभुत मुल्य र मान्यता प्रतिकूल नहुने गरी व्यवसाय संचालन गर्नुपर्ने छ ।

१.१.२ व्यवसायमा संलग्न रहँदा पेशाकर्मीको सुरक्षा र व्यवस्थापन गर्ने जिम्मेवारी व्यवसायीले गर्नुपर्ने छ ।

१.१.३ ग्राहक (सेवाग्राही) ले सेवा लिन आउँदा आचारसंहिता उलंघन नहुने गरी सेवा लिन सम्वन्धित व्यवसायी र पेशाकर्मीले सुझाव दिनुपर्ने छ । साथै सेवाग्राही र सेवाप्रदायकले वहन गर्नु पर्ने दायित्व सूचना पाटीमा राख्नुपर्ने छ ।

१.१.४ नृत्य प्रर्दशन गर्ने कलाकारहरुले नृत्य कलाकारिता सीपमूलक नृत्य प्रर्दशन गर्नुपर्ने छ । डान्स वार तथा नृत्य मनोरञ्जन हुने स्थानमा अश्लिलता प्रदर्शन नहुने गरी नृत्य गर्न सक्नेछन ।आन्तरिक तथा बाह्य पर्यटनलाई टेवा पुग्ने सेवाग्राहीको रुपमा सेवा लिन आउने सवै पाहुँनाहरुलाई स्वस्थ मनोरञ्जन प्रदान दिन नृत्य प्रर्दशन गर्न सक्नेछन् ।

१.१.५ बिषम परिस्थिति (कर्फ्यु, विपद्, महामारी) श्रृजना भएको अवस्था वाहेक सामान्य अवस्थामा स्थानीय प्रशासनसँग समन्वय गरी तोकिएको समयमा आफ्नो व्यवसाय संचालन गर्नुपर्ने छ ।

१.१.६ कानुन बमोजिम ईजाजत पत्र प्राप्त गरी स्वदेशी तथा विदेशी पर्यटक/पाहुनाहरूलाई मनोरञ्जन प्रदान गरी आर्थिक बृद्धिमा टेवा पुर्‍याउने गरी व्यवसाय संचालन गर्नुपर्ने छ ।

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-शा.सु. ०७८/०७९/०८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

१.१.७ व्यवसायमा काम गर्ने कामदारलाई पद अनुसारको पोशाक, रातीको खाना र राती घरसम्म पुग्ने यातायातको व्यवस्था आदि सुविधाहरु उपलब्ध गराउनुपर्ने छ । साथै सेवा लिए पश्चात व्यवसाय स्थलबाट आफ्नो घरसम्म पुऱ्याइदिन ग्राहकले अनुरोध गरेमा सम्बन्धित व्यवसायीले स-शुल्क सवारी साधनको व्यवस्था गर्नुपर्ने छ ।

१.१.८ आन्तरिक सुरक्षाको लागि व्यवसायीले पोशाक र परिचय-पत्र साथ सुरक्षागार्ड राख्नु पर्ने छ ।

१.१.९ प्रचलित कानुनको दायरा भित्र रही कामदार कर्मचारीहरुलाई न्यूनतम मासिक पारिश्रमिक उपलव्ध गराउनुपर्ने छ । साथै कामदार कर्मचारीहरुलाई योग्यता, क्षमता र पद अनुसार व्यवसायी र पेशाकर्मी विचको सम्झौता बमोजिम मासिक पारिश्रमिकको व्यवस्था गर्नुपर्ने छ ।

१.१.१० पर्यटन, होटल, रेष्टुरेण्ट तथा मनोरञ्जनात्मक व्यवसायमा बालश्रमिकको प्रयोग गर्न पाइने छैन । १८ वर्ष उमेर नपुगेका ग्राहकहरुलाई सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न पाइने छैन ।साथै डान्स रेष्टुरेण्ट एण्ड बार, लाइभ व्याण्ड, लाउन्ज बार, पवबार, क्लब र डिस्कोथेक जस्ता व्यवसायमा १८ वर्ष मुनिका बालबालिकालाई ग्राहकको रुपमा प्रवेश गर्न निषेध गर्नुपर्ने छ ।

१.१.११ प्रचलित ऐन कानुनहरुलाई परिपालना गरी सार्वजनिक नैतिकता र शान्ति सुरक्षालाई सकारात्मक टेवा पुग्ने गरी व्यवसाय संचालन गर्नुपर्ने छ ।

१.१.१२ सवै व्यवसायीहरुले आफ्नो व्यवसायको निर्धारित मुल्य सूची विपरीत अनावश्यक रुपमा विलिङ्ग गरी ग्राहकलाई गैह्र कानूनी रुपमा दुःख दिन पाइने छैन।

१.१.१३ रात्रीकालीन मनोरञ्जन तथा व्यवसाय संचालन गर्ने व्यवसायीले सम्वन्धित निकायमा दर्ता गरी व्यवसाय संचालनका लागि लिनुपर्ने अनुमति लिई व्यवसाय संचालन गर्नुपर्ने छ । साथै सो को जानकारी स्थानीय प्रशासनमा समेत दिनुपर्ने छ ।

१.१.१४ व्यवसायीले आफुले संचालन गरेको व्यवसायको सम्पूर्ण प्रमाण पत्रहरु ग्राहकले देख्ने गरी राख्नुपर्ने छ ।

१.१.१५ व्यवसाय गर्नका लागि तोकिएको उद्देश्य भन्दा अलग प्रकृतिको व्यवसाय/सेवा गर्न पाईने छैन ।

१.१.१६ प्रचलित ऐन कानुनहरुलाई पूर्ण रुपमा परिपालना गर्नुपर्ने छ ।

## १.२ व्यवसाय संचालनको समय सम्वन्धमा

१.२.१. कोभिड-१९ को संक्रमण भएको अवस्था वा यस्तै किसिमको माहामारी वा राज्यले नियन्त्रण गरेको विशेष अवस्थामा व्यवसायको प्रकृति, व्यवसायीहरुको चाहना र तत्परता, ग्राहकको संख्या, सुरक्षा संवेदनशिलता, स्थानीय परिवेश तथा व्यवसायीका

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-शा.सु. ०१८/०१९/०८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

प्रतिनिधिहरुसँगको छलफल समेतका आधारमा व्यवसाय सञ्चालनको समय निर्धारण स्थानीय प्रशासनले मिलाउने छ ।

१.२.२. माथि १.२.१ बाहेकको सामान्य अवस्थामा स्थानीय प्रशासनले व्यवसायीहरुसँगको समन्वयमा सुरक्षा व्यवस्थालाई ध्यानमा राखी २४ घण्टा व्यवसाय सञ्चालन गर्ने व्यवस्था मिलाउने छ ।

## २. कोभिड-१९ महामारी कायमै रहेको हालको अवस्थामा होटल लगायतका मनोरञ्जनात्मक व्यवसाय सञ्चालन गर्दा अपनाउनुपर्ने स्वास्थ्य तथा सुरक्षा मापदण्डः

### २.१ परीक्षण (चेक प्रोटोकल)

२.१.१ थर्मल जाँचः कर्मचारी, सेवाग्राही, संचालक तथा आपूर्तिकर्ताको जाँच गर्ने । जाँचको विवरण विद्युतीय प्रणाली वा रेकर्ड फाइलमा अभिलेखीकरण गर्ने ।

२.१.२ प्रवेश निषेधः रुघा, खोकी, ज्वरो र स्वासप्रश्वासमा समस्या भएका कर्मचारी, सेवाग्राही, संचालक तथा आपूर्तिकर्तालाई प्रवेश निषेध गर्ने ।

२.१.३ स्वास्थ्य उपकरणः स्वास्थ्य विशेषज्ञले सिफारिस गरे बमोजिम पूर्ण मेडिकल किट र त्यो प्रयोग गर्न जान्ने कम्तीमा १ जना कर्मचारी राख्नुपर्ने ।

२.१.४ संक्रमित केस फेला परेमा Case Investigation and Contact Tracing (CICT) गर्नुपर्ने ।

२.१.५ व्यवसाय परिसरको विभिन्न ठाउँमा सूचनापाटी स्थापना गरी कोभिड-१९ बाट बच्ने आवश्यकीय सुरक्षात्मक जानकारी प्रदान गर्ने व्यवस्था मिलाउने ।

२.१.६ समय समयमा संवोधन अथवा श्रव्यदृश्य माध्यमवाट कोभिड-१९ बारे जानकारी दिइरहनुपर्ने ।

### २.२ व्यक्तिगत सरसफाई एवं सुरक्षा

२.२.१ कार्यरत कर्मचारीले गर्नुपर्ने

क) प्रत्येक पटक व्यवसायस्थल प्रवेश गर्दा, टेवल सरसफाई गरे पछि, प्रत्येक कारोवार गरे पछि र शौचालय गए पश्चात अनिवार्य रुपमा साबुन पानीले कम्तिमा २० सेकेण्डसम्म हात धुने ।

ख) अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने । खोक्दा दुवै कुहिनाले वा मास्कले छेक्ने ।

ग) निर्देशित गरिएका व्यक्तिगत सरसफाई कडाईका साथ पालना गर्ने र सुरक्षा कर्मचारीले अनिवार्य रुपमा मास्क र फेसशिल्ड प्रयोग गर्ने ।

२.२.२ व्यवसाय संचालकले गर्नुपर्ने

क) नगद भुक्तानी भन्दा विद्युतीय प्रणाली वा कार्डद्वारा गरिने भुक्तानीलाई प्राथमिकता दिने।

ख) आवश्यकता हेरेर सके सम्म कर्मचारीको आलोपालोको व्यवस्था मिलाउने ।

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-शा.सु. ०७८/०७९/०८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

ग) नियमित तालिम प्रदान गर्ने । कोभिडको बदलिदो परिस्थिति र गर्नुपर्ने नयाँ अभ्यासको सूचना तथा जानकारी प्रदान गर्ने र ती कुराहरुको अभिलेखन तथा सुपरिवेक्षण गर्ने ।

घ) कर्मचारी र ग्राहक (सेवाग्राही) हरुको दैनिक अभिलेख राख्ने ।

ङ) कर्मचारीहरुको स्वास्थ्यको नियमित परीक्षण गर्ने व्यवस्था मिलाउने ।

## २.३ आन्तरिक तथा वाह्य परिसरमा हुनुपर्ने सरसफाई व्यवस्था

२.३.१ हात धुने स्थान र सेनिटाईजरको सहज पहूँच मिलाउने ।हात धुने धारालाई खुट्टाले खोल्न र बन्द गर्न सक्ने किसिमले जडान गर्नुपर्ने ।

२.३.२ सकेसम्म सरसफाई र सेनिटाईजर गर्न सजिलो हुने खालको टेवल वा कुर्सीको व्यवस्था गर्ने।

२.३.३ समय तालिका बनाई विभिन्न समयमा काम गर्ने कुर्सी तथा अन्य सतहहरुको सरसफाई गर्ने ।

२.३.४ शौचालय, रिसेप्सन तथा बार एरियामा समयानुसार बारम्बार सफाई र सेनिटाईज गर्ने ।

२.३.५ शौचालयमा धाराको पानी व्यवस्था गरेर साबुन तथा सेनीटाईजरको उपलव्धता सुनिश्चित गर्ने ।

२.३.६ कार्पेट, भुईं, पर्दा, टेवल तथा अन्यत्र प्रयोग भएका कपडाहरु नियमित धुने व्यवस्थाका लागि तलिका तयार पार्ने र सो को अनुगमन गर्ने ।

२.३.१ सजिलैसँग सफा र निर्मलीकरण गर्न काठ, प्लाष्टिक वा छाला जस्ता सामग्रीवाट बनेका टेवुल कुर्सीको व्यवस्था गर्ने ।

२.३.८ परिसरमा उचित भेन्टिलेसनको व्यवस्था गरी हावाका लागि चलाईने उपकरण कमभन्दा कम प्रयोग गर्ने ।

२.३.९ अधिकतम प्रयोगमा आउने ढोका, ताल्चा, चुकुल ईत्यादी सामग्रीहरुको नियमित रुपमा सेनिटाईज गर्ने ।

२.३.१० फोहोर मैलाको उचित व्यवस्थापन गर्ने ।

२.३.११ भाँडा माइने मेसिनको अधिकतम प्रयोग गर्ने ।

२.३.१२ निर्मलीकरणको लागि प्रयोग हुने उपकरणहरु (डिस्पेन्सर, ह्याण्ड ड्रायर, टिस्यू पेपर) चालु अवस्थामा रहेको सुनिश्चित गर्ने ।

## २.४ कपडा तथा तौलिया र अन्य सामग्रीहरुको सरसफाई

२.४.१ कपडाहरुको हकमा उपयुक्त तातोपानीको सेटिङ्गको प्रयोग गरी सफा गर्ने साथै कपडालाई राम्रोसँग सुकाउने ।

२.४.२ प्रयोग गरिने अन्य कपडाहरुलाई पनि सफा र किटाणु रहित बनाउने ।

२.४३ हल तथा स्टेज संचालन पूर्व डिसइन्फेक्सनको व्यवस्था मिलाउने ।

## २.५ स्टेज सरसफाई

२.५.१ स्टेजको नियमित डिस्इन्फेक्सन गर्ने गराउने ।

२.५.२ स्टेज कर्मचारी (कलाकार) ले समय समयमा सेनिटाईजरको प्रयोग गर्ने ।

२.५.३ स्टेजमा प्रयोग हुने सम्पुर्ण वाद्यवादन उपकरणलाई डिस्इन्फेक्सन गर्ने ।

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-शा.सु. ०१८/०१९/०८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

२.५.४ कलाकारले आफ्नो प्रस्तुती दिनु पुर्व र दिए पश्चात अनिवार्य रुपमा मास्क प्रयोग गर्ने ।

२.५.५ सेवाग्राही ग्राहकहरुलाई स्टेज अगाडी भिडभाड नहुने व्यवस्था गर्ने ।

२.६ स्वास्थ्य मापदण्ड तथा भौतिक दुरी

व्यवसाय संचालन गर्दा स्वास्थ्य मापदण्ड तथा भौतिक दुरी सम्बन्धमा समय समयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको मापदण्ड र भविष्यमा परिमार्जन गर्ने स्वास्थ्य मापदण्ड अनुसार गर्नुपर्ने छ । व्यवसाय संचालन गर्दा स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई तोकिएको भौतिक दुरी कायम हुने गरी व्यवसायको संचालन गर्नुपर्ने छ ।

२.१ भौतिक पूर्वाधार सुरक्षा

२.१.१ सुरक्षाको लागि सि.सि.टि.भि.बाट निगरानी गर्ने र कम्तीमा ३० दिनको रेकर्ड राख्ने व्यवस्था गर्नुपर्ने छ ।

२.१.२ व्यवसायीले अनिवार्य रुपमा **Sound Control System** जडान गरी ध्वनी प्रदुषण हुन नदिने व्यवस्था गर्नुपर्ने छ ।

२.१.३ आफ्नो व्यवसायको परिसर भित्र तथा आगमन र प्रस्थान हुँदाको नजिकको क्षेत्रसम्म वत्तीको व्यवस्था गर्नुपर्ने छ ।

२.१.४ व्यवसाय स्थलमा अनिवार्य रुपमा **Fire Extinguisher** को व्यवस्था गर्नुपर्ने छ ।

२.१.५ व्यवसाय स्थलमा आपत्कालिन द्वारको व्यवस्थापन गर्नुपर्ने छ ।

३. होटल व्यवसायमा संलग्न मजदुर तथा कामदारको हक/हितका लागि गर्नुपर्ने कार्यहरुः

३.१ व्यवसाय संचालकहरुले कर्मचारी तथा कामदारहरुलाई प्रशिक्षण/सचेतनामुलक अभिमुखिकरण कार्यक्रम संचालन गर्ने (जस्तैः दुर्व्यवहार, यौन तथा हिंसाजन्य कृयाकलाप विरुद्धको कानूनी व्यवस्थाको बारेमा जानकारी दिने आदि)। कामको प्रकृतिको आधारमा क्षमता विकास तथा पेशागत तालिम र आवश्यकतानुसार अन्य तालिमहरु नियमित रुपमा व्यवस्था गर्नुपर्ने (जस्तैः जीवन उपयोगी सीप तथा आत्मरक्षा तालिम आदि) । साथै कर्मचारी तथा कामदारहरुको नियमित अनुगमन र गुनासो व्यवस्थापन गर्नुपर्ने छ ।

३.२ व्यवसाय संचालकहरुले कर्मचारी तथा कामदार छनौटमा उपयुक्त प्रकृया अपनाउनुपर्ने छ ।

३.२.१ योग्यतानुसारको पारिश्रमिक र समान कामको समान ज्याला दिनुपर्ने छ ।

३.२.२ कर्मचारी तथा कामदारहरुको नागरिकता तथा व्यक्तिगत विवरण अनुसार सबै कर्मचारी तथा कामदारलाई अनिवार्य रुपमा नियुक्तिपत्र दिनुपर्ने छ ।

३.२.३ उपयुक्त पोशाकको अनिवार्य रुपमा व्यवस्था गर्नुपर्ने छ ।

३.२.४ कर्मचारी तथा कामदारलाई परिचय पत्रको व्यवस्था गर्नुपर्ने छ ।

३.२.५ कर्मचारी तथा कामदारहरुको कोरोना तथा स्वास्थ्य जोखिम वीमा गर्नुपर्ने छ ।

३.२.६ कर्मचारी तथा कामदार र सेवाग्राहीहरुको दुरुस्त अभिलेखिकरण गर्नुपर्ने छ।

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-शा.सु. ०१८/०१९/०८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

३.३ व्यवसाय संचालनका क्रममा कर्मचारी तथा कामदारहरुको कामको समयावधि श्रम ऐन, २०१४ बमोजिम तोक्नु पर्ने र कार्यस्थलमा कर्मचारी तथा कामदारहरुलाई धुम्रपान, मादक पदार्थ तथा लागू औषध सेवन गराउन पाइने छैन ।

३.४ महिला कर्मचारी तथा कामदारहरुको हकमा वालवच्चा भएको खण्डमा सुरक्षित कोठामा बालबच्चाहरुलाई स्तनपान गराउने व्यवस्था मिलाउनुका साथै कार्यस्थलमा काम गर्दा रात्रीको समयमा कर्मचारी तथा कामदारहरुलाई ट्रान्सपोर्ट (Pick up / Drop) को व्यवस्था गर्नुपर्ने छ।

३.५ आन्तरिक तथा बाह्य रुपमा बेचविखनको सम्भावना भएको कारण यस मनोरञ्जन क्षेत्रमा आउने सेवाग्राहीहरुप्रति संचालक स्वयम् सजग हुने र मानव बेचविखन तथा ओसारपसारको सम्बन्धमा कर्मचारी तथा कामदारहरुलाई सचेत एवम् सजग गराउनुपर्ने छ ।

३.६ कार्यस्थलमा कार्य सम्पादन लगायत मनोरञ्जन तथा सेवा क्षेत्रलाई थप व्यवस्थित र मर्यादित बनाउनको लागि व्यवसाय संचालक तथा कर्मचारी एवम् कामदारहरुबीच नियमित छलफल तथा बैठक बस्नुपर्ने छ । साथै लैगिंक हिंसा र दुर्व्यवहार न्यूनीकरणको लागि सबै सरोकारवाला पूर्ण प्रतिबद्ध रहनुपर्ने छ ।

३.१ मनोरञ्जन तथा सेवा क्षेत्रमा कार्यरत सबै कर्मचारी तथा कामदारहरुको श्रमको उच्च मूल्यांकन गरी कर्मचारी तथा कामदारहरुको कार्य सम्पादनको मूल्यांकनका आधारमा सेवा सुविधा वृद्धि गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

३.८ यस क्षेत्रमा कार्यरत सबै कर्मचारी तथा कामदार तथा व्यवसायीहरुलाई अनिवार्य रुपमा कोभिड-१९ विरुद्धको पूर्ण खोपको व्यवस्था मिलाउनुपर्ने छ ।

३.९ पर्यटन, होटल तथा मनोरञ्जन क्षेत्रमा रात्रीकालिन समयमा सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाउन स्थानीय प्रशासनले सुरक्षा प्रवन्ध गर्नुपर्ने छ ।

३.१० पर्यटन, होटल तथा मनोरञ्जन लगायत रेष्टुरेन्ट एवम् साना व्यवसायी र उक्त क्षेत्रमा काम गर्ने कर्मचारी तथा कामदारको समेत हित संरक्षण हुने गरी आवश्यक प्रबन्ध गर्नुपर्ने छ ।

४. अन्य विविध विषयहरुः

४.१ नेपाल सरकारबाट समय समयमा जारी स्वास्थ्य मापदण्ड र सुरक्षा मापदण्डको अनिवार्य पालना गर्नुपर्ने छ ।

४.२ सबै व्यवसायी, कर्मचारी, कामदारहरुले कोभिड-१९ विरुद्धको पूर्ण खोप अनिवार्य रुपमा लगाएको सुनिश्चितता गर्नु पर्नेछ । साथै माथि उल्लिखित व्यवसायहरुमा ग्राहकका रुपमा सेवा लिन जाने सेवाग्राहीहरुले समेत पूर्ण खोप लगाएको हुनुपर्ने छ ।

४.३ सूचना प्रविधि र डिजिटल प्रणालीलाई बढावा दिनुपर्ने छ ।

४.४ **Buffet Dish** लाई भन्दा **Ala carte** मेनुलाई प्राथमिकता दिनुपर्ने छ ।

४.५ टेक अवे सेवालाई बढावा दिनुपर्ने छ ।

२०७८।११।२५

(बसन्त भट्टराई)
उपसचिव